जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ९ २०८३ साल साउन ११ गते सोमबार (27 July 2026 Monday) मूल्य रु. ५/-

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मधेसमा लागूऔषधविरुद्ध अभियान,. ३ पृष्ठमा : मध्यावधि चुनावमा ट्रम्पको ... ३ पृष्ठमाफङ्गोमा एडीएफका दुई आक्रमण.

# कांग्रेस सप्तरीमा २१ हजारभन्दा बढी सक्रिय सदस्य



**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

नेपाली कांग्रेस सप्तरीमा २१ हजारभन्दा बढी सक्रिय सदस्य बनेका छन् ।

सो पार्टीद्वारा आयोजित पत्रकार सम्मेलनमा जिल्ला सभापति रामदेव साहले जिल्लामा हाल २१ हजार ३१ जना सूचीकृत मतदाता सक्रिय सदस्य बनेको जानकारी दिएका छन् ।

यसअघि जिल्लामा करिब ९ हजार सक्रिय सदस्य रहेका मध्येबाट ६ हजार जनाले मात्र सदस्यता अद्यावधिक गराएको उनको भनाई छ ।

सभापति साहले अनलाइन प्रणालीमार्फत १५ हजार ३१ जना सूचीकृत मतदाताले नयाँ सक्रिय सदस्यता लिएको जानकारी दिँदै सदस्यता अद्यावधिक नगर्ने केही व्यक्ति अन्य दलमा गएको हुन सक्ने तथा विभिन्न कारणले सदस्यता नवीकरण गर्न नसकेको बताए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा सप्तरीका केन्द्रीय पर्यवेक्षक रामपलटन साहले पार्टीले अनलाइनमार्फत सदस्यता अभियान सञ्चालन गर्दा १५ हजारभन्दा बढी नयाँ सदस्य आबद्ध हुनु कांग्रेसप्रति जनविश्वास र लोकप्रियता अझै कायम रहेको संकेत भएको जिकिर गरे ।

यस्तै पार्टीका केन्द्रीय सदस्य तथा निर्वतमान प्रतिनिधि सभ सदस्य दिनेश कुमार यादवले पनि पार्टीभित्र कुनै विवाद नभएको र जिल्ला तहमा सबै नेता कार्यकर्ताहरु एक जुटभई अघि बढेको उल्लेख गरे ।

# वडा सदस्यको घरबाट डिएपी मल बरामद

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १० साउन ।**

धनुषा प्रहरीले जिल्लाको धनुषाधाम नगरपालिका ५ ९०० बिघास्थित वडा सदस्य सुरेश साहको घरबाट ठूलो परिमाणमा रासायनिक डिएपी मल बरामद गरेको छ ।

वडा सदस्य साहले लुकाइछिपाइ डिएपी मल घरमा राखेको र रातिको समस्यामा

***बाँकी अन्तिम पृष्ठमा***

# ट्री हाउस पार्क आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि रमणीय स्थलको रुपमा विकसीत हुँदै



**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

सप्तरीको सप्तकोशी नगरपालिका १ स्थित रक्तमाला सामुदायिक वन उपभोक्ता समुहद्वारा संचालित जुटपानी ट्री हाउस पार्क अहिले आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि रमणीय स्थलको रुपमा विकसीत हुँदै गएको छ ।

सुविधासम्पन्न हरित पार्कका लागि डिभिजन वन कार्यालय सप्तरीले आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ मा गरि २१ लाख तथा स्थानीय सरकार, सामुदायिक वन उपभोक्ता समूह र स्थानीयवासीको ९ लाख ५० हजार गरी कुल ३० लाख ५० हजार लगानीमा भएको सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष इन्द्रप्रसाद लुइँटेलले जानकारी दिएका छन् ।

हाल निर्माण कै क्रमम रहेको उक्त पार्कमा ट्री हाउस, बोटिसहित पोखरी, पिकनिक स्थल तथा विभिन्न प्रजातिका बिरुवासहितका पूर्वाधार निर्माण भइरहेका उनको भनाई छ । पार्क पूर्ण रुपमा व्यवस्थित भएपछी आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि जिल्लाकै नमूना तथा आकर्षित पर्यटकीय स्थलको रुपमा स्थापित हुने अध्यक्ष लुईटेललको दाबी छ ।

डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सुभाषचन्द्र दासले पार्कलाई पर्यटकीय स्थलको रुपमा विकसीत गर्ने उद्देश्यले वन कार्यालयले लगानी गरेको तथा आउँदो दिनमा समेत अझ आवश्यक लगानी गर्ने बताए । उनले पार्कमा बिरुवा रोपण तथा बोटिङसहित पोखरी निर्माणका लागि वन कार्यालयले लगानी गरेको जनाए । पिकनिक स्थल तथा ट्री हाउसमा उपभोक्ताहरुले नै लगानी गरेर आकर्षित बनाएको उनको भनाई छ ।

उनले फत्तेपुर क्षेत्रमा रहेको ३ सय ७४ हेक्टर वन क्षेत्रमध्ये ५ हेक्टर क्षेत्रलाई पर्यटकीय विकासका लागि छुट्याइएको जानकारी दिँदै उक्त क्षेत्रलाई पिकनिक, पारिवारिक भ्रमण तथा प्राकृतिक मनोरञ्जनका लागि उपयुक्त गन्तव्यका रूपमा विकास गर्ने योजना अघि बढाइएको जानकारी दिए ।

यस्तै फत्तेपुरस्थित सव-डिभिजन वन कार्यालय परिसरमा ‘समृद्धिका लागि वन कार्यक्रम’ अन्तर्गत पातपतिङ्गर तथा झाडी व्यवस्थापन गरी प्राङ्गारिक मल उत्पादन भइरहेको जनाए ।

सो क्रममा कञ्चनरूप नगरपालिकास्थित सब-डिभिजन वन कार्यालय, कञ्चनपुरका अधिकृत सन्तोषकुमार यादव, डिभिजन वन कार्यालयका कार्यक्रम संयोजक पंकजकुमार मिश्र, रेन्जर दीपक टमाटा, लेखापाल लवकुमारलगायतले संचारकर्मीहरुको टोलीले कार्यालय परिसरमा रोपिएका विभिन्न जात तथा प्रजातिका बिरुवाको अवस्थाबारे समेत अवलोकन गरेका थिए ।

# घुससहित डिभिजन प्रमुख र अधिकृत पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, १० साउन ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले घुसवापत लिएको रकमसहित भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय कर्मैया सर्लाहीका प्रमुख र मेकानिकल अधिकृतलाई पक्राउ गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासबाट खटिएको टोलीले घुसको रकमसहित कार्यालय प्रमुख अनुपमा ढकाल र मेकानिकल अधिकृत तुलाकान्त चौधरीलाई पक्राउ गरेको हो ।

***बाँकी तीन पृष्ठमा***

## बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- ❖ बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- ❖ व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- ❖ अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- ❖ शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- ❖ इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- ❖ सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- ❖ अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बोटविरुवा रोपेर प्रकृति संरक्षण गरौं

प्रकृतीको संरक्षण गर्न हामी सबै मानवको धर्म हो । तर अहिले प्रकृतीको संरक्षण गर्नु भन्दा पनि प्राकृतिक संरचना र बोटविरुवाको विनाश गर्नेतर्फ मानव लागि परेका छन् । जसको जलन्त उदाहरणको ग्लोवल वार्मिङ । यसको असरले वर्षेनी मौसमी तापमान बृद्धि हुँदै गएको छ । यसको तीब्र प्रभाव तराई मधेश एवं शहरी क्षेत्रमा महसुस हुन्छ । ग्लोबल वार्मिङ्गले कसरी असर गरिरहेको छ भन्ने कुरा हामीले अहिले भोगिरहेका छौं ।

ग्लोवल वार्मिङले मौसमी चक्रलाई नै प्रभावित बनाइरहेको छ । यसले अन्न बालीदेखि अरु प्राकृतिक कुरालाई पनि असन्तुलित बनाउँदै लगेको छ । एकातिर कलकारखाना, गाडी, विद्युतिय उपकरणको बढ्दो प्रयोग, अर्को तर्फ बनजंगल एवं प्राकृतिक सम्पदाको विनाश नै ग्लोबल वार्मिङ्गको कारण बनिरहेको छ । ग्लोबल वार्मिङको बढ्दो प्रभावबाट बच्न वा यसलाई नियन्त्रण गर्ने हाम्रो नै दायित्व हो । हामीले गर्ने साना तिना गल्ती पनि ग्लोबल वार्मिङ्गको कारण बनिरहेको छ ।

हाम्रा सन्ततिको भविष्य कति भयावह बन्ने छ भन्ने कुरामा हामी अब पनि सतर्क हुन सकेनौं भने परिस्थिति हामी भन्दा बाहिर जान बेर लाग्ने छैन । तसर्थ प्रत्येक व्यक्तिले आजैदेखी आफ्नो घर वरिपरि कम्तिमा एउटा बोटविरुवा रोपेर थोरै भएपनि प्रकृती संरक्षण गर्नेतर्फ ध्यान पुग्नु आवश्यक छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# मधेसमा लागूऔषधविरुद्ध अभियान, तीन वर्षमा दुई हजार ८११ जना पक्राउ

जनकपुरधाम, १० साउन (रासस) ।
प्रतिबन्धित लागूऔषध नियन्त्रणका लागि प्रहरीले मधेस प्रदेशमा विशेष अभियान चलाएपछि लागूऔषध सेवनकर्ता र कारोबारीहरू धमाधम पक्राउ पर्न थालेका छन् ।

लागूऔषधविरुद्धको अभियानअन्तर्गत प्रहरीले नियमित जाँच गर्न थालेपछि मधेस प्रदेशका आठ वटै जिल्लामा गाँजा, चरेस, अफिम, ब्राउन सुगरलगायत लागूऔषध कारोबारमा संलग्नहरू पक्राउ पर्न थालेका हुन् ।

सङ्गठित अपराध लागूऔषधविरुद्ध अभियान चलाएको प्रहरीले मधेस प्रदेशका आठ वटै जिल्लाबाट ठूलो परिमाणमा लागूऔषध पनि बरामद गर्दै आएको छ ।

मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार बितेका तीन आर्थिक वर्षमा मधेस प्रदेशमा विभिन्न प्रकारका लागूऔषधसहित दुई हजार ८११ जना पक्राउ परेका छन् भने दुई हजार १२१ वटा लागूऔषध सम्बन्धित मुद्दा दर्ता भएका छन् । उक्त अवधिमा दुई हजार ५५४ नेपाली, २५३ भारतीय र एक विदेशी नागरिकसहित दुई हजार ८११ जना पक्राउ परेको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो ।

बितेको आवमा मधेस प्रदेशमा लागूऔषधसहित प्रहरीले ७८६ नेपाली, ८४ भारतीय र एक विदेशी गरी ८७१ जनालाई पक्राउ गरेको छ भने ६३० वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको छ ।

यसैगरी, सो अवधिमा १५ हजार ३८२ किलोग्राम गाँजा, ५१६ ग्राम ब्राउन सुगर, २७२ किलोग्राम चरेस, तीन किलोग्राम अफिम, दुई हजार ८३१ ग्राम हिरोइन, चार लाख ७३ हजार ४८५ वटा ट्याब्लेट, दुई हजार ११८ सिरफ र १८ हजार १२५ इन्जेक्सन बरामद भएको प्रवक्ता बरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताउनुभयो ।

उहाँका अनुसार अघिल्लो आव २०८१/८२ मा लागूऔषधसहित ८३६ जना पक्राउ पर्दा ५८५ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो । त्यस क्रममा १६ हजार ५७३ किलोग्राम गाँजा, ६१ ग्राम ब्राउनसुगर, ५०५ किलो ग्राम चरेस, ४५ किलो ग्राम अफिम, दुई हजार ७०५ ग्राम हिरोइन, तीन लाख ७० हजार ४४२ ट्याब्लेट, सात हजार ५०४ सिरफ र ६१ हजार ३३३ इन्जेक्सन बरामद भएको थियो ।

यसअघि गत आव २०८०/८१ मा प्रहरीले मधेस प्रदेशबाट लागूऔषधसहित एक हजार १०४ जनालाई पक्राउ गरेको थियो भने ७९७ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो । सो आवमा आठ हजार ५३९ किलो गाँजा, ५९४ ग्राम ब्राउन सुगर, १२१ किलो १४६ ग्राम चरेस, एक ग्राम अफिम, एक हजार १३१ ग्राम सात हजार १११ मिलिग्राम हिरोइन, ४९ हजार ८८८ वटा ट्याब्लेट, तीन हजार ४१६ सिरफ र ५४ हजार ४०४ इन्जेक्सन बरामद भएको थियो । यसरी खुला सिमानाकाको फाइदा उठाउँदै नेपाल-भारत सीमा जोड्ने विभिन्न नाकाका औषधि पसलहरूबाट सहजै ल्याउने लागूऔषध राजधानी काठमाडौँसम्म पुग्ने गरेका छन् ।

सीमावर्ती भारतीय बजारमा पुगेर लागूऔषध सेवन र खरिद गरी नेपाल ल्याउने युवाजमात बढ्दो छ । प्रहरीले सीमा नाकामा ओहोरदोहोर गर्ने युवा जमातलाई लक्षित गरेर चेकजाँचलाई कडाई गरेसँगै अधिकांश युवाको साथबाट केही न केही मात्रामा लागूऔषधका सामग्रीहरू बरामद हुने गरेको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले बताउनुभयो ।

लागूऔषध सेवन र कारोबारीको आरोपमा पक्राउ पर्नेमा अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा छन् ।
अभिभावकविहीनहरू लागूऔषधको कुलतमा फसेका उहाँले बताउनुभयो । पढाइ छोडेर बसेका, काम नपाएर फुर्सदमा बसेका युवा साथीसङ्गतको बहकाउमा परेर दुर्व्यसनीमा फस्ने गरेको प्रहरी नायब महानिरीक्षक अधिकारीले बताउनुभयो ।

"यसअघि प्रायः जसो युवा लागूऔषधको दुर्व्यसनमा फसेकाजस्तो लाग्थ्यो," उहाँले भन्नुभयो, "हिजोआज बालबालिका, किशोरकिशोरी र महिला यसमा फसेका भेटिन्छन् । छोरालाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाउँदा पनि अभिभावक आफ्ना सन्तान लागूऔषधको कुलतमा फसेको पत्याउँदैनन् । लागूऔषध दुर्व्यसनबाट बच्न अभिभावक, विद्यालय, शिक्षक र परिवार आफैँ सचेत हुनुपर्छ ।"

# देशभर दुई हजार एम्बुलेन्स थन्किए

चितवन, १० साउन (रासस) ।
नवीकरण हुन नसक्दा देशभरका दुई हजार एम्बुलेन्स थन्किएका छन् । स्वास्थ्य ऐन, २०७५ ले स्वास्थ्य संस्था बाहेकलाई एम्बुलेन्स सञ्चालन गर्न रोक लगाएपछि नवीकरण हुन नसकेर ती एम्बुलेन्स थन्किएका हुन् ।

संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपाल (ट्रेड युनियन सङ्घ) का अध्यक्ष नवराज लामिछानेका अनुसार स्वास्थ्य संस्था बाहेकले सञ्चालन गरेका एम्बुलेन्स नवीकरण भएका छैनन् । यो सङ्ख्या अरु थप एक हजार ५०० रहेको उहाँले जानकारी दिनुभयो ।

देशभरमा छ हजार हाराहारी एम्बुलेन्स रहेको तथ्याङ्क छ । तीमध्ये स्वास्थ्य सङ्घ संस्थाले सञ्चालन गरेका एम्बुलेन्स नवीकरण भएका छन् भने गैरसरकारी संस्था र निजी क्षेत्रले सञ्चलान गरेका एम्बुलेन्स सञ्चालन हुन नसकेका हुन् ।

ऐन आएदेखिनै निरन्तर रुपमा संशोधनका लागि सरकारी तवरमा पहल गर्ने काम भइरहेको अध्यक्ष लामिछानेले जानकारी दिनुभयो । तत्कालीन स्वास्थ्यमन्त्री डा सुधा शर्मालाई उक्त समस्याबारे अवगत गराएको अध्यक्ष लामिछाने बताउनुहुन्छ । नयाँ सरकार गठन भएपछि स्वास्थ्य मन्त्रीसमक्ष आफ्ना समस्या राख्ने तयारीमा आफूहरु रहेको उहाँको भनाइ छ ।

ऐन संसोधन नभएमा धेरै एम्बुलेन्स थन्किने र आम नागरीकले सहज रुपमा सेवा पाउन कठिन हुने उहाँले बताउनुभयो । अध्यक्ष लामिछानेले भन्नुभयो, "मानवतासँग प्रत्यक्ष जोडिएकाले यस विषयलाई नयाँ सरकारले गम्भीरताका साथ हेर्नुपर्छ ।" यसबाट चालकको रोजगारी समेत गुमेको उहाँले बताउनुभयो ।

# सीमा अपराध नियन्त्रण र राजस्व चुहावट नियन्त्रणमा नतिजामुखी काम गर्न निर्देशन

काठमाडौँ, १० साउन (रासस) ।
सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सीमा क्षेत्रमा हुने अवैध क्रियाकलाप निगरानी र रोकथाम गर्न निर्देशन दिनुभएको छ ।

लुम्बिनी प्रदेशस्थित पश्चिम नवलपरासी, कपिलवस्तु र रुपन्देहीका सीमा क्षेत्रको आइतबार अवलोकनपश्चात उहाँले सीमा अपराध नियन्त्रण तथा राजस्व चुहावट नियन्त्रणमा नतिजामुखी काम गर्न निर्देशन दिनुभयो ।

कार्यक्षेत्रमा परिचालित हुने सशस्त्र प्रहरी कर्मचारीले सकारात्मक सोच र फरक कार्यशैली अपनाई पूर्ण जिम्मेवारी र बफादारिताकासाथ काम गर्नुपर्नेमा जोड दिँदै महानिरीक्षक पौडेलले भन्नुभयो, "असल मनसायका साथ गरिएको कामकारवाहीमा भएको कमीमजोरीको जिम्मा सङ्गठनले लिनेछ ।"

महानिरीक्षक पौडेलले सीमामा हुने अवैध क्रियाकलाप नियन्त्रणमा निर्मम ढङ्गले लाग्न र कुनै पनि आर्थिक प्रलोभनमा नपर्न निर्देशन दिनुभयो ।

उहाँले बाढी, पहिरो र डुबान जस्ता विपद्जन्य घटनामा तत्काल परिचालन हुनसक्ने गरी तालिम प्राप्त जनशक्तिलाई आवश्यक उद्धारका सामग्रीसहित तयारी अवस्थामा रहन निर्देशन दिनुभएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

# एमालेमा रूपान्तरणका लागि युवा नेताहरूको आह्वान

काठमाडौँ, १०, साउन (रासस) ।
नेकपा (एमाले) का युवा नेताहरूले पार्टीको रूपान्तरणका लागि नेतृत्वको सम्मानजनक बिदाइ हुनुपर्ने आव्हान गरेका छन् ।

'पार्टीको रूपान्तरणमा पूर्व अखिलको भूमिका' विषयक आइतबार काठमाडौँमा आयोजित छलफल कार्यक्रममा वक्ताहरूले नेतृत्वले हस्तान्तरण र सम्मानजनक बिदाइका साथै पार्टीको साङ्गठनिक स्वरुप र शैलीमा पनि परिवर्तन गर्न आग्रह गरेका हुन् । उनीहरुले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीले भोगेको पराजयमा बाह्य कारणका साथै आन्तरिक कारण पनि प्रमुख रहेको जिकिर गरेका थिए । वक्ताहरुले पार्टीका अध्यक्ष केपी शर्मा ओलीको जति कमजोरी छ, त्यति नै कमजोरी अरु पदाधिकारीको रहेको तर्क प्रस्तुत गरेका थिए ।

कार्यक्रममा एमालेका केन्द्रीय सदस्यहरू एवं अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का अध्यक्ष तथा पूर्वनेताहरू ठाकुर गैरे, माधव ढुङ्गेल, रमेश पौडेल, नरोश रोकाया, नवीना लामा, डा सुजन कडरिया, रचना खड्का, मोति विक, उषाकिरण तिम्सिना, मेनका पछाइँ, तत्तबहादुर शाहीलगायतले पार्टीमा रूपान्तरणको माग गर्नुभएको हो ।

एमालेको पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण र पुनःगठनका लागि गठित कार्यदल अहिले प्रतिवेदन लेखनको क्रमा रहेको छ । गत जेठ १० गते सम्पन्न एमालेको सचिवालयको आठौँ बैठकले उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरेको थियो ।

# मध्यावधि चुनावमा ट्रम्पको परीक्षा, मतदान हुन १०० दिन बाँकी



वासिङ्टन, १० साउन (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिकाको मध्यावधि चुनाव हुन १०० दिन बाँकी रहँदा राष्ट्रपति डोनाल्ड ट्रम्पका रिपब्लिकनले प्रतिनिधिसभाको बहुमत गुम्न नदिन र सिनेटमा आफ्नो नियन्त्रण कायम राख्न कठिन प्रतिस्पर्धाको सामना गरिरहेका छन्।

ट्रम्प नोभेम्बर ३ मा हुने मतदानमा उम्मेदवार नबन्ने भए पनि मध्यावधि चुनावको परिणाम उहाँका लागि महत्वपूर्ण हुनेछ। डेमोक्र्याटले प्रतिनिधिसभामा बहुमत हासिल गरेमा उनीहरूले शक्तिशाली समितिको नेतृत्व र अनुसन्धान तथा छानबिनका लागि समन अधिकार पाउनेछन्। यसले ट्रम्प प्रशासनमाथि दुई वर्षसम्म व्यापक अनुसन्धान हुनसक्ने र उहाँविरुद्ध तेस्रो महाभियोगको प्रयाससमेत अघि बढ्न सक्ने सम्भावना छ।

रिपब्लिकन यसपटक ऐतिहासिक रूपमा साँघुरो प्रतिनिधिसभा बहुमत, राष्ट्रपतिको कमजोर अनुमोदन दर तथा जीवनयापनको बढ्दो लागत र इरानसँगको युद्धप्रति मतदाताको असन्तुष्टिबीच चुनावी मैदानमा उत्रिएका छन्।

अमेरिकी चुनावसम्बन्धी वेबसाइट डिसिजन डेस्क मुख्यालयले डेमोक्र्याटले प्रतिनिधिसभामा बहुमत हासिल गर्ने सम्भावना ५९ प्रतिशत रहेको आकलन गरेको छ। उसले डेमोक्र्याटको सम्भावित बहुमत २२४-२११ हुने प्रक्षेपण गरेको छ।

राष्ट्रपतिको दलले सामान्यतया मध्यावधि चुनावमा सिट गुमाउने गरेको छ। यसपटक केही सीमित सिटमा हुने परिवर्तनले प्रतिनिधिसभाको नियन्त्रणमा प्रभाव पार्न सक्ने देखिएको छ।

इरानसँगको युद्धले ऊर्जा बजारमा असर पारेको, मुद्रास्फीति अझै उच्च रहेको तथा ब्याजदर बढिरहेकाले अमेरिकी अर्थतन्त्रप्रति मतदाताको असन्तुष्टि बढेको छ। पेट्रोलको मूल्यसमेत प्रतिग्यालोन चार डलरभन्दा माथि पुगेको छ।

डेमोक्र्याटले उद्धृत गरेका विभिन्न सर्वेक्षणले मुद्रास्फीति, स्वास्थ्य सेवा र आप्रवासनका विषयमा मतदाताको विश्वास रिपब्लिकनभन्दा डेमोक्र्याटतर्फ बढेको देखाएको दाबी गरेका छन्।

हाउस डेमोक्र्याटिक नेता हकीम जेफ्रीजले बिहीबार किराना सामान, पेट्रोल, आवास र स्वास्थ्य सेवाको मूल्यलाई केन्द्रमा राखेर आफ्नो पार्टीको चुनावी अभियान घोषणा गर्दै ट्रम्प र रिपब्लिकनले अमेरिकी जनतालाई निराश पारेको आरोप लगाउनुभयो।

**'सामान्य बुद्धिमत्ता' बिरुद्ध प्रगतिशील एजेन्डा**

रिपब्लिकनले भने आगामी चुनावलाई प्रतिनिधिसभाका सभामुख माइक जोनसनले भनेझैं 'सामान्य बुद्धिमत्ता' र बढ्दो प्रगतिशील डेमोक्र्याटिक पार्टीबीचको छनोटका रूपमा प्रस्तुत गर्ने तयारी गरेका छन्।

उनीहरूले डेमोक्र्याटिक उम्मेदवारलाई 'समाजवादी वामपन्थी'सँग जोडेर प्रस्तुत गर्ने तथा सीमा सुरक्षा र कर कटौतीलाई प्रमुख चुनावी मुद्दा बनाउने योजना बनाएका छन्।

ट्रम्पले पनि रिपब्लिकनका लागि उपलब्ध सबै राजनीतिक लाभ उठाउने प्रयास गरिरहनुभएको छ। उहाँले चुनावी धोखाधडी रोक्न आवश्यक रहेको भन्दै 'सेभ अमेरिका ऐन' पारित गर्न कङ्ग्रेसका रिपब्लिकन सदस्यलाई दबाब दिँदै आउनुभएको छ। डेमोक्र्याटले भने उक्त विधेयकलाई वैध मत दबाउने प्रयासका रूपमा आलोचना गरेका छन्।

यसैबीच, दुवै दलले आफ्नो पक्षमा हुने गरी निर्वाचन क्षेत्रको नक्सा पुनःनिर्धारण गर्ने प्रयास गरेका छन्। रिपब्लिकनले यसबाट पाँचदेखि १२ सिटसम्म खुद लाभ लिन सक्ने अनुमान गरिएको छ। यसले अत्यन्तै प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको प्रतिनिधिसभाको चुनावमा राष्ट्रिय राजनीतिक वातावरणको प्रभावलाई केही हदसम्म कम गर्न सक्नेछ।

जर्ज वासिङ्टन विश्वविद्यालयकी राजनीतिशास्त्रकी प्राध्यापक सारा बाइन्डरले यसपटकको निर्वाचन क्षेत्रमा पुनःनिर्धारण विशेष प्रभावकारी भएको बताउनुभयो। उहाँका अनुसार प्रतिनिधिसभाका करिब २० निर्वाचन क्षेत्रमा मात्र वास्तविक रूपमा कडा प्रतिस्पर्धा हुने देखिएको छ।

"निर्वाचन क्षेत्र पुनःनिर्धारणले डेमोक्र्याटले ती सिटमा प्रतिस्पर्धा गर्न सक्ने आधारलाई वास्तवमै कमजोर बनाएको छ," उहाँले एएफपीसँग भन्नुभयो।

रिपब्लिकनले चुनावी अभियानका लागि आर्थिक लाभसमेत हासिल गरेका छन्। पार्टीका अभियान समिति तथा सहयोगी समूहहडेमोक्र्याटिक समकक्षीभन्दा करोडौं डलर बढी रकमसहित चुनावको अन्तिम चरणमा प्रवेश गरेका छन्।

**सिनेटमा पनि कडा प्रतिस्पर्धा**

सिनेटमा पनि प्रतिस्पर्धा उत्तिकै महत्वपूर्ण देखिएको छ। रिपब्लिकनसँग ५३-४७ को बहुमत रहेकाले डेमोक्र्याटलाई नियन्त्रण हासिल गर्न चार सिटको खुद लाभ आवश्यक हुनेछ।

डिसिजन डेस्क मुख्यालयले भने ५०-५० को बराबरी भए पनि उपराष्ट्रपति जेडी भान्सको निर्णायक मतका कारण रिपब्लिकनले सिनेटमा नियन्त्रण कायम राख्ने सम्भावना रहेको जनाएको छ।

ट्रम्पका लागि प्रतिनिधिसभा र सिनेटमा फरक-फरक दलको नियन्त्रण भए पनि बाँकी कार्यकालमा ठूलो प्रभाव पर्नेछ। डेमोक्र्याटले प्रतिनिधिसभा नियन्त्रण गरेमा ट्रम्पको विधायकी एजेन्डा अवरुद्ध हुनसक्नेछ भने उहाँका अधिकारीले संसदीय छानबिन र सार्वजनिक सुनुवाइको सामना गर्नुपर्नेछ।

डेमोक्र्याटले इरानसँगको युद्ध, प्रशासनको नैतिकता तथा निर्वाचन प्रणाली पुनःनिर्धारण गर्न ट्रम्पले गरिरहेका प्रयासलगायतका विषयमा अनुसन्धान अघि बढाउन सक्नेछन्।

राजनीतिक विश्लेषक चक टोडले मध्यावधि चुनाव हुन १०० दिन बाँकी रहँदा रिपब्लिकन नौ महिनाअघि सिनेटमा 'स्पष्ट रूपमा अगाडि' रहेको अवस्थाबाट अहिले 'झिनो अग्रता'को अवस्थामा पुगेको बताउनुभएको छ।

उहाँका अनुसार प्रतिनिधिसभाको चुनावमा डेमोक्र्याटले १० देखि २५ सिटसम्मको लाभ हासिल गर्न सक्ने सम्भावना छ।

इकोनोमिस्ट/युगोभको पछिल्लो सर्वेक्षणमा ट्रम्पको लोकप्रियता पनि न्यून बिन्दुनजिक देखिएको छ। सर्वेक्षणमा ३६ प्रतिशत अमेरिकीले मात्र राष्ट्रपतिका रूपमा उहाँको कार्यसम्पादनलाई अनुमोदन गरेका छन्।

टोडले राष्ट्रपतिको अनुमोदन दर मध्यावधि चुनावको परिणाम अनुमान गर्ने सबैभन्दा महत्वपूर्ण सूचक भएको बताउँदै ट्रम्पको कमजोर अनुमोदन दरले रिपब्लिकनले प्रतिनिधिसभामा सिट गुमाउने सम्भावना बढाएको उल्लेख गर्नुभएको छ।

## डाक्टरमाथि आक्रमण गर्नेलाई कडा कारबाही गर्न माग

पर्सा, १० साउन (रासस)।

नेपाल चिकित्सक सङ्घले शनिबार वीरगन्जस्थित नारायणी अस्पतालमा कार्यरत मेडिकल अफिसर डा प्रमोद राममाथि आक्रमण गर्नेलाई कडा कारबाहीको माग गरेको छ।

सङ्घले आइतबार विज्ञप्ति जारी गर्दै डा राममाथि शनिबार बेलुका करिब ४०-५० जनाको समूहले मरणासन्न हुनेगरी साङ्घातिक आक्रमण गरेको जनाउँदै घटनाको भर्त्सना गरेको छ।

शनिबार बिहान अस्पतालको आकस्मिक कक्षमा भर्ना गरिएका मुटुसम्बन्धी समस्याका बिरामी र घटनाको यथार्थ नबुझी अस्पतालको अस्पतालको आकस्मिक कक्षमा तोडफोड गरी आतङ्क सृजना गरिएको र सोही क्रममा डा राममाथि साङ्घातिक आक्रमण गरिएको सङ्घको भनाइ छ।

सङ्घले भनेको छ, "स्वास्थ्य संस्थाजस्तो संवेदनशील क्षेत्रलाई आतङ्कित पार्नेगरी पठाइएको यस्तो आपराधिक घटनामा संलग्न दोषीहरुलाई अविलम्ब कानुनको दायरामा ल्याई कानुनबमोजिम कडा कारबाही गरी सुरक्षित र भयरहित वातावरणमा स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन सङ्घ नेपाल सरकारसँग जोडदार माग गर्दछ।"

### घुससहित डिभिजन ...

आयोग बर्दिबासका सूचना अधिकारी प्रकाश पोखरेलका अनुसार सेवाग्राहीसँग घुस लिएको सूचनाका आधारमा सर्लाहीको बागमती नगरपालिका-१२ स्थित रामकाजी थापाको घरको भुइँ तल्लामा रहेको डिभिजन प्रमुखको निवासमा छापा मार्दा ढकाल बसेको सोफामा सेवाग्राहीसँग लिएको ७ लाख ५० हजार रकम बरामद भएको छ।

खानतलासीको क्रममा स्रोत नखुलेको थप ७१ हजार ११५ नगदसमेत बरामद भएको सूचना अधिकारी पोखरेलले बताए।

विभिन्न जल उपभोक्ता समितिसँग बोरिङ तथा मोटर जडानको काम सम्पन्न भएपछि भुक्तानी गर्न प्रमुख ढकालले मेकानिकल अधिकृत चौधरीमार्फत घुस मागेको भन्ने उजुरीका आधारमा छापा मारिएको उनको भनाइ छ।

## विश्व समाचार

### कङ्गोमा एडीएफका दुई आक्रमणमा ३२ जना सर्वसाधारण मारिए

किन्शासा, १० साउन (रासस/सिन्ह्वा)।

पूर्वी डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआरसी)मा 'एलाइड डेमोक्रेटिक फोर्सेस' (एडीएफ)ले पछिल्लो ७२ घण्टामा गराएका दुई छुट्टाछुट्टै आक्रमणमा कम्तीमा ३२ जना सर्वसाधारणको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले शनिबार जनाएका छन्। संयुक्त राष्ट्रसङ्घको सहयोगमा डीआरसीमा सञ्चालित 'रेडियो ओकापी'का अनुसार आक्रमण माम्बासा क्षेत्रका गाउँमा भएका हुन्। थप पीडितको खोजी तथा पहिचानकार्य जारी रहेकाले मृतकको सङ्ख्या बढ्न सक्ने स्थानीय नागरिक समाजका प्रतिनिधिले बताएका छन्। आक्रमणपछि प्रभावित गाउँ तथा आसपासका क्षेत्रमा विस्थापनको नयाँ लहर देखिएको छ। थप हिंसाको त्रासमा स्थानीय बासिन्दा सुरक्षित स्थानतर्फ पलायन भएका छन्। शनिबार अबेरसम्म स्थानीय अधिकारी तथा डीआरसीको सशस्त्र बलले पछिल्ला आक्रमणबारे आधिकारिक प्रतिक्रिया दिएका थिएनन्। स्थानीय नागरिक समाज संस्थाका अनुसार एडीएफले यस वर्ष मार्चयता माम्बासा क्षेत्रका करिब २० गाउँमा १०० भन्दाबढी मानिसको हत्या गरिसकेको छ। मध्यअफ्रिकामा इस्लामिक स्टेटसँग आबद्ध एडीएफ युगान्डाको विद्रोही समूह हो, जुन लामो समयदेखि पूर्वी डीआरसीमा सक्रिय रहँदै आएको छ। समूहको गतिविधि नियन्त्रण गर्न तथा त्यसलाई निस्तेज पार्न डीआरसी र युगान्डाका सेनाले सन् २०२१को नोभेम्बरदेखि संयुक्त सैन्य कारबाही सञ्चालन गर्दै आएका छन्।

### इरानी जहाजमाथि आक्रमणको जवाफ दिने इरानको चेतावनी

तेहरान, १० साउन (रासस/एएफपी)।

इरानले क्यास्पियन सागरमा आफ्नो एउटा व्यापारिक जहाजमाथि आक्रमण गरेको आरोप युक्रेनमाथि लगाउँदै घटनाको जवाफ दिने चेतावनी दिएको छ। शनिबार भएको उक्त आक्रमणमा एक जना नाविकको मृत्यु भएको तथा अर्का एक जना घाइते भएको इरानले जनाएको छ। रुस-युक्रेन युद्धको अन्तरराष्ट्रिय प्रभाव विस्तार भइरहेका बेला इरानले यस्तो आरोप लगाएको हो। यसअघि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले इरानसँग सम्बन्धित सैन्य सामग्री ओसारपसारमा प्रयोग हुने जहाजलाई लक्षित गरी क्यास्पियन सागरमा लामो दूरीको आक्रमण गरिएको बताउनुभएको थियो। इरानको सरकारी समाचार संस्था इरनाका अनुसार इरानी विदेश मन्त्रालयले शनिबार बिहान भएको आक्रमणमा जहाजमा विस्फोट हुँदा एक नाविकको मृत्यु भएको र अर्का एक जना घाइते भएको जनाएको छ। इरानले रुस-युक्रेन युद्धमा आफूले कहिल्यै हस्तक्षेप नगरेको दाबी गर्दै आफ्नो व्यापारिक जहाजमाथिको आक्रमणको विरोध गरेको छ। यता, राष्ट्रपति जेलेन्स्कीले शनिबार सामाजिक सञ्जालमार्फत युक्रेनी सशस्त्र बलले क्यास्पियन सागरमा लामो दूरीको प्रहारमार्फत अत्यन्त सशक्त नतिजा हासिल गरेको बताउनुभएको थियो। उहाँका अनुसार आक्रमणमा इरानसँग सम्बन्धित सैन्य सामग्री ओसारपसारमा प्रयोग हुने जहाजका साथै एउटा युद्धपोतलाई लक्षित गरिएको थियो। युक्रेनको गुप्तचर निकाय (एसबीयू)ले टेलिग्राममार्फत इरान र रुसबीच सैन्य सामग्री ओसारपसारमा प्रयोग भएका तथा अन्तरराष्ट्रिय प्रतिबन्धमा परेका कार्गो जहाजलाई लक्षित गरी ड्रोन आक्रमण गरिएको जनाएको छ। इरानी सरकारी टेलिभिजनका अनुसार इरानी विदेश मन्त्रालयले उक्त घटनालाई 'शत्रुतापूर्ण र आपराधिककार्य' भन्दै विरोध जनाउन शनिबार तेहरानस्थित युक्रेनी कार्यवाहक राजदूतलाई बोलाएको थियो। यसैबीच इरानी विदेशमन्त्री अब्बास अराघचीले युरोपेली सङ्घ (इयु)की विदेश नीति प्रमुख काजा कालाससँगको कुराकानीमा आक्रमणको विरोधमा इयु र संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्बाट कडा प्रतिक्रियाको माग गर्नुभएको इरनाले जनाएको छ।

### अमेरिकाले इरानमाथिको आक्रमण रोक्यो, कारणबारे फरक-फरक रिपोर्ट

वासिङ्टन, १० साउन (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिकाको सेनाले इरानमाथिको सैन्य कारबाही रोकेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। यद्यपि, आक्रमण रोक्नुको कारणबारे विभिन्न सञ्चारमाध्यमले फरक-फरक विवरण दिएका छन्। सीएनएनले पेन्टागनका एक स्रोतलाई उद्धृत गर्दै अमेरिकी सैन्य कारबाही रोकिएको जनाएको छ। यद्यपि, उक्त कारबाही कति समयका लागि रोकिएको हो भन्नेबारे स्रोतले स्पष्ट पारेको छैन। सीबीएस न्युजले दुई क्षेत्रीय स्रोतलाई उद्धृत गर्दै ओमानको प्रतिनिधिमण्डलले 'स्ट्रेट अफ होर्मुज' पुनःखोल्ने विषयमा वार्ता गर्न तेहरान भ्रमण गर्ने भएकाले उक्त वार्तामा अवरोध नहोस् भन्ने उद्देश्यले अमेरिकाले आक्रमण स्थगित गरेको जनाएको छ। यसैबीच, द न्युयोर्क टाइम्सले अमेरिकी वरिष्ठ सल्लाहकारले वायु रक्षा प्रणालीमा प्रयोग हुने इन्टरसेप्टर क्षेप्यास्त्रको भण्डार घट्दै गएको चेतावनी दिएपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले सैन्य कारबाही थप विस्तार गर्ने योजना स्थगित गरेको जनाएको छ। अमेरिकी सेनाको संयुक्त प्रमुख कर्मचारी समितिका अध्यक्ष डान केनले थप व्यापक सैन्य कारबाही सञ्चालन गरिए अमेरिकी केन्द्रीय कमान्डसँग रहेका इन्टरसेप्टर क्षेप्यास्त्रको भण्डार सकिन सक्ने चेतावनी दिनुभएको न्युयोर्क टाइम्सले जनाएको छ। अमेरिकाले हालसम्म इरानविरुद्धको सैन्य कारबाहीमा एक हजार २०० भन्दाबढी प्याट्रियट इन्टरसेप्टर प्रयोग गरिसकेको छ। प्रत्येक इन्टरसेप्टरको लागत ४० लाख अमेरिकी डलरभन्दा बढी पर्ने जनाइएको छ।

# नेपाल जलसम्पन्न मुलुक भएपनि राष्ट्रिय हितअनुकूल उपयोग हुन सकेन : उपेन्द्र यादव



**दैनिक समाचारदाता**
**काठमाडौं, १० साउन ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपाल विश्वकै जलसम्पन्न मुलुक भएपनि त्यसको वैज्ञानिक, योजनाबद्ध र राष्ट्रिय हितअनुकूल उपयोग हुन नसकेको बताएका छन् ।

आइतबार काठमाडौंस्थित प्रज्ञा प्रतिष्ठान कमलादीमा आयोजित 'नेपालको जलस्रोत' नामक पुस्तक लोकार्पण कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

जलस्रोतलाई केवल ऊर्जा उत्पादनसँग मात्र सीमित नराखी कृषि, खानेपानी, सिचाई, उद्योग, वातावरण संरक्षण तथा समग्र आर्थिक रूपान्तरणसँग जोडेर दीर्घकालीन राष्ट्रिय रणनीति निर्माण गर्न उनले आग्रह गरे ।

जलस्रोत विज्ञ तथा राजनीतिज्ञ महाजन यादवद्वारा नेपाली र अङ्ग्रेजी भाषामा लेखिएको उक्त पुस्तकले नेपालको जलस्रोत विकासको वर्तमान अवस्था, नीतिगत चुनौती, जलवायु परिवर्तनको प्रभाव, जल व्यवस्थापन, ऊर्जा, सिँचाइ तथा दिगो विकासका आयामलाई तथ्य र विश्लेषणसहित प्रस्तुत गरेको लेखकले बताएका छन् ।

लेखक महाजन यादवले पुस्तक तयार पार्नुको उद्देश्य नेपालमा जलस्रोतसम्बन्धी नीतिगत बहसलाई थप तथ्यपरक बनाउनु र नीति निर्माता, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवालाका लागि उपयोगी सन्दर्भ सामग्री उपलब्ध गराउनु रहेको बताए ।

लेखकका अनुसार यो पुस्तकले नेपालको जलस्रोत विकासको ऐतिहासिक पृष्ठभूमिदेखि भविष्यका अवसर र चुनौतीसम्मको विस्तृत विश्लेषण प्रस्तुत गर्दै जलवायु परिवर्तनको युगमा अपनाउनुपर्ने नीतिगत तथा व्यावहारिक उपायहरूलाई समेत समेटेको छ ।

जलस्रोत क्षेत्रसँग सम्बन्धित नीति निर्माण, अध्ययन तथा अनुसन्धानमा उपयोगी सन्दर्भ सामग्रीका रूपमा पुस्तकले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता, जलस्रोत तथा ऊर्जा क्षेत्रका विज्ञ, प्राध्यापक, अनुसन्धानकर्ता, सरकारी अधिकारी, सञ्चारकर्मी तथा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# मधेस प्रदेश सरकारको जनलोकपाल आयोगद्वारा १५ मुद्दा फैसला

जनकपुरधाम, १० साउन (रासस) ।

मधेस प्रदेश सरकारद्वारा गठित जनलोकपाल आयोगले आर्थिक वर्ष २०८२/८३ मा १५ वटा मुद्दा फैसला गरेको छ । स्थापनाकालदेखि न्यून जनशक्ति, भौतिक संरचनाको अभावलगायत समस्या झेल्दै आएको आयोगले आव २०८२/८३ मा अनियमितता तथा भ्रष्टाचारसम्बन्धी ५१ उजुरी दर्ता भएकामा १५ वटाको फैसला गरेको हो ।

आयोगका सूचना अधिकारी प्रसन्नराज कर्णका अनुसार यहाँ दर्ता भएका उजुरीहरूको अध्ययन र छानबिन गरी १५ वटाको फैसला गरेर मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, केन्द्रीय कार्यालय टङ्गाल काठमाडौँ पठाइएको छ । अन्य उजुरीउपर छानबिन भइरहेको उहाँले बताउनुभयो ।

आयोगमा गत आव २०८१/८२ मा भ्रष्टाचार र अनियमिततासम्बन्धी ५६ उजुरी दर्ता भएकामा १० वटा फैसला गरेर मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टङ्गाल काठमाडौँ पठाएको थियो ।

आयोगमा सबैभन्दा बढी स्थानीय तह र प्रदेश सरकारका निकायहरूमा भ्रष्टाचार, अवैध सम्पत्ति आर्जन, प्रशासनिक अनियमिततासम्बन्धी उजुरी आउने गरेका सूचना अधिकारी कर्णको भनाइ छ । उहाँका अनुसार अनलाइनमार्फत पनि आयोगमा उजुरी दर्ता हुने गरेका छन् ।

गत २०७८ भदौमा स्थापना भएको सो आयोगमा बर्सेनि अनियमितता तथा भ्रष्टाचारसम्बन्धी उजुरी बढ्दै गएपनि कार्यालयका लागि भौतिक संरचनाको अभाव, सुरक्षाकर्मीसहितको जनशक्ति आभावलगायत कारणले उजुरीको अध्ययन र छानबिन गर्न समस्या भइरहेको आयोगका अध्यक्ष रामसहायराय यादवले जानकारी दिनुभयो ।

प्रदेशभित्रका सार्वजनिक निकाय तथा संस्थाहरूमा भएको अनियमितता छानबिन गरी दोषीमाथि कारबाही अघि बढाउने अधिकारसहित गठन भएको उक्त आयोगले लामो समयसम्म नियमावली र कर्मचारी नपाउँदा परेको उजुरीमाथि छानबिन गरी फैसला गर्न कठिनाइ भइरहेको उहाँको भनाइ छ ।

प्रदेशका धनुषा, महोत्तरी, रौतहटलगायत जिल्लामा स्थानीय तहबाट सञ्चालित विकासीय योजनामा भ्रष्टाचार हुने गरेको तथा नियुक्ति प्रक्रियामा अनियमितता भएको विषयमा बढी उजुरी दर्ता हुने गरेको अध्यक्ष यादवले जानकारी दिनुभयो ।

"आयोगमा ३३ जना कर्मचारीको दरबन्दी छ, तर अहिले कार्यालय प्रमुखसहित १५ कर्मचारी कार्यरत छन्", आयोगका अध्यक्ष यादवले भन्नुभयो, "एकातिर उजुरी बढी आइरहेको छ भने अर्कोतिर कर्मचारी अभावका कारण दर्ता भएका उजुरी अध्ययन गर्न समस्या भइरहेको छ ।"

नियमावली र कर्मचारी पठाउन पटकपटक प्रदेश सरकारलाई पत्राचार गरे पनि अहिलेसम्म सुनुवाई नभएको उहाँको गुनासो छ । "मुद्दाको अनुसन्धान गर्न कानुनका कर्मचारी चाहिन्छ, छापामारी गर्न प्रहरी चाहिन्छ", अध्यक्ष यादवले भन्नुभयो, "अहिले हामीसँग कानुनमा विज्ञता हासिल गरेका कर्मचारी र प्रहरीको अभाव छ । त्यसैले काम गर्न सकस भइरहेको छ ।"

प्रदेश सरकारले भ्रष्टाचारमुक्त, उत्तरदायी र सुशासनसहित नागरिकका अधिकारलाई सुनिश्चित गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गठित उक्त आयोगको अध्यक्षमा यादव, सदस्यमा सुजाता विमल र सञ्जीव झा हुनुहुन्छ ।

# प्रश्नपत्र सार्वजनिक गरेको अभियोगमा पक्राउ

काठमाडौँ, १० साउन (रासस) ।

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायको 'मास्टर्स अफ बिजनेस स्टडिज' ( एमबिएस) को प्रश्नपत्र सार्वजनिक गरेको आरोपमा केही व्यक्ति पक्राउ परेका छन् ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको निर्देशनमा उनीहरू आइतबार बिहान पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले अभियुक्तहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान प्रारम्भ गरेको छ ।

यही साउन ८ गते स्नातकोत्तर तहको 'अर्गनाइजेसनल बिहेबियर' विषयको परीक्षा सुरु भएको केही मिनेटमै सामाजिक सञ्जालमार्फत प्रश्नपत्र बाहिरिएको थियो ।

प्रश्नपत्र बाहिरिएपछि त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन सङ्काय डिनको कार्यालयले पनि 'साइबर ब्यूरो'लाई अनुसन्धान एवं कारबाहीका लागि पत्राचार गरेको थियो ।

आइतबारै परीक्षा नियन्त्रण महाशाखाले यो घटनाको छानबिन गर्न प्रा डा अच्युत ज्ञवालीको संयोजकत्वमा तीन सदस्यीय समिति पनि गठन गरेको छ । समितिको सदस्यमा अनुगमन निर्देशनालयका उपनिर्देशक सहप्राध्यापक पुष्कर रैखला र केन्द्रीय परीक्षा सञ्चालक समितिका सदस्य सहप्राध्यापक महेशराज ओझा हुनुहुन्छ । समितिलाई छानबिन सात कार्यदिनभित्र प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको छ ।

***वडा सदस्यको ...***

महँगो मूल्यमा बिक्री गरिरहेको गोप्य सूचनाको आधारमा प्रहरी चौकी ९०० बिघाबाट खटिएको टोलीले करिब ४ सय बोरा डिएपी मल बरामद गरेको हो ।

वडा सदस्य साहको घरबाट बरामद भएको सो रासायनिक मलको स्रोत नभेटिएपछि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिए ।

नियन्त्रणमा लिइएको मल ट्याक्टरमा लोड गरेर इलाका प्रहरी कार्यालय धनुषाधाम ल्याउने कार्य भइरहेको प्रहरी नायब उपरीक्षक न्यौपानेले बताए । उनका अनुसार बरामद भएको मलको यकिन सङ्ख्या र त्यसको स्रोतबारे थप अनुसन्धान भइरहेको छ ।

यता वडा सदस्य साह फरार रहेको र उनको खोजी कार्य भइरहेको प्रहरी नायब उपरीक्षक न्यौपानेको भनाइ छ ।


## सप्तरी उद्योग वाणिज्य संघ

**(SAPTARI CHAMBER OF COMMERCE & INDUSTRY)**

Rajbiraj, Saptari, Nepal

(नेपाल उद्योग वाणिज्य महासंघबाट स्वीकृत)

स्थापित : २०१३ साल

पत्र संख्या :०८३।०८४
चलानी नं. :

मिति: २०८३।०४।०७

बिषय : **सदस्यता नविकरण सम्वन्धी सूचना ।**

सप्तरी उद्योग वाणिज्य संघको १२ औं वार्षिक साधारण सभा तथा अधिवेशन मिति २०८३ साल असोज ०३ गते शनिवारका दिन जिल्लाको बोदेवर्साईन नगरपालिका अन्तर्गत बोदेवर्साईन बजारमा हुन गई रहेको व्यहोरा सबैमा सहर्ष जानकारी गराउदछौ ।

आर्थिक वर्ष २०८३।०८४ सम्मको सदस्यता नविकरण भएका सदस्य माहनुभावहरु मात्र साधारण सभामा तथा अधिवेशनमा सहभागिताका लागि योग्य मानिने हुँदा सम्पुर्ण सदस्यहरुमा यो सूचना प्रकाशित भएको मिति बाट ३५ (पैतिस) दिन वा मिति २०८३।०५।१५ भित्र आ-आफनो सदस्यता नविकरण गराउनु हुन यो सुचना प्रकाशित गरीएको छ ।

भवदिय

(अमृत कुमार संचेति)
महासचिव

महा-सचिव
सप्तरी उद्योग वाणिज्य संघ


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*